आज मिति २०७९ असोज २३ गते आइतबारका दिन यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री तम बहादुर पौडेल ज्यूको अध्यक्षतामा देहाय वमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय वमोजिमका प्रस्तावमा छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.श | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री तम बहादुर पौडेल | अध्यक्ष | [signature] |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | [signature] |
| ३ | श्री यम बहादुर खड्का | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री ज्ञानेन्द्र राज ओली | २ नं. वडा अध्यक्ष | [signature] |
| ५ | श्री मीन कुमार थारु | ३ नं. वडा अध्यक्ष | [signature] |
| ६ | श्री मीन राज खड्का (सन्तोष) | ४ नं. वडा अध्यक्ष | [signature] |
| ७ | श्री झगरु थारु | ५ नं. वडा अध्यक्ष | [signature] |
| ८ | श्री लवराज खरेल | ६ नं. वडा अध्यक्ष | [signature] |
| ९ | श्री रामलखन थारु | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री शालिकराम डाँगी | ८ नं. वडा अध्यक्ष | सालिकराम |
| ११ | श्री शोहनलाल थगारु | ९ नं. वडा अध्यक्ष | [signature] |
| १२ | श्री राधिका स्नार | महिला सदस्य | |
| १३ | श्री यम कुमारी वली | महिला सदस्य | यम |
| १४ | श्री गौत्रा कुमारी डाँगी | महिला सदस्य | गौत्रा |
| १५ | श्री सुमित्रा थारु | महिला सदस्य | [signature] |
| १६ | श्री थान बहादुर वि.क. | दलित सदस्य | [signature] |
| १७ | श्री केशवराज दमाइ | अल्पसंख्यक सदस्य | [signature] |
| १८ | श्री हरि बहादुर खत्री | प्रमुख प्रशासकीय अधिकृत | |
| | | | |
| १ | श्री बालानन्द पौडेल | यो. अ. | [signature] |
| २ | श्री निशान्त थारु | व.क. अ. | [signature] |

## २०७९ असोज २३ गते बसेको गाऊँ कार्यपालिका बैठकको निर्णयहरु

**प्रस्तावहरु**

१- बर्षाका कारण प्रभावित घरपरिवारहरुलाई राहत सम्बन्धमा

२- विविध

**निर्णयहरु**

१) प्रस्ताव नं. १ मा छलफल हुंदा यहि असोज १८ गतेबाट लगातार परेको अविरल वर्षाका कारण यस गाउँपालिकाका विभिन्न वडाहरुमा वाढी/डुवान विपदबाट प्रभावित भएका वडा वासीहरुको तत्काल तथ्याङ्क संकलन गर्ने, पालिका अन्तरगतका सेल्टर हाउसमा बसेका घरपरिवारहरुलाई राहत स्वरुप तत्काल पिउने पानी, स्वास्थ्य जाँच, खाद्यान्न तथा अन्य Fast Food को व्यवस्थापन गर्ने र देहाय वमोजिमको खाद्यान्न उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| |
|---|
| चामल २५ किलो प्रति घरपरिवार |
| दाल २ किलो प्रति घरपरिवार |
| तेल १ लिटर प्रति घरपरिवार |

२) विविध

२.१) प्रारम्भिक तथ्याङ्क हालसम्म विभिन्न वडाहरुमा मानवीय क्षति नभएको र अन्य क्षतिको विवरण देहाय वमोजिम प्राप्त हुन आएकोले सो को जानकारी गरियो ।

तपसिल

| वडा नं. | क्षतिको विवरण | कैफियत |
|---|---|---|
| १ | २९४ घर आंशिक क्षति र ४० घर पूर्ण रुपमा क्षति | |
| २ | ३९० घर आंशिक क्षति र ५ घर पूर्ण रुपमा क्षति | |
| ३ | ७३ घर आंशिक क्षति र २० घर पूर्ण रुपमा क्षति | वढी प्रभावित साइपुरगाउँ |
| ४ | ५० घर आंशिक क्षति | |
| ५ | ३ घर पूर्ण रुपमा क्षति | |
| ६ | १२० घर पूर्ण रुपमा क्षति | |
| ७ | १० घर आंशिक क्षति | |
| ८ | ३ घर आंशिक क्षति | |
| ९ | ९ घर आंशिक क्षति | |

## २०७९ असोज २३ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

२.२) २०७९ साल बैशाख र जेष्ठ महिनामा विभिन्न वडाहरुमा हावाहुरी तथा आगलागी भएका कारण प्रभावित पिडितहरुलाई सहयोग स्वरुप राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धि मापदण्ड, २०७९ बमोजिम गर्ने गरि निर्णय गरियो ।

२.३) बडा दशैंको उपलक्ष्यमा हुने **"मौलापूजा"**का लागि वडा कार्यालयको सिफारिस तथा सक्कल बिलभरपाईका आधारमा रु. ५,०००।– (पाँच हजार) मा नबढने गरि **"विभिन्न चाडपर्व"** खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

२.४) कार्यपालिकाको मिति २०७९ साल भाद्र ५ गतेको निर्णय अनुसार हटाइएका करार तर्फका कर्मचारीहरुले उच्च अदालतमा मुद्दा दायर गरेको सम्बन्धमा छलफल गर्दा प्रतिउत्तर लगाउन योजना शाखा प्रमुख श्री बालानन्द पौडेललाई तोक्ने निर्णय गरियो ।

२.५) बडा नं. १ को सौरी खोला तटबन्धका लागि वडा कार्यालय नं. १ बाट छुट्याइएको रकमबाट मात्र अपुग हुने भएकाले प्राविधिक ल.ई. कूल रकम रु. २० (विस लाख कन्टेन्जेन्सी समेत) अनुसार विपद व्यवस्थापन कोषबाट म्याचिङ्गफण्ड स्वरुप रु. १० (दश लाख) उक्त योजनाका लागि विनियोजन गर्ने निर्णय गरियो ।

२.६) गाउँपालिकाको पशु विमा कार्यक्रम सञ्चालन तथा विमा प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि- २०७९ स्वीकृत गरियो ।